नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

जलस्रोत तथा सिंचाइ बिभाग

सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना

घर भाडामा लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०७/१३

यस आयोजनाको कार्यालय सञ्चालनका लागि बेनी नगरपालिकाभित्र घर भाडामा लिनुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ बमोजिम घर भाडामा दिन इच्छुक घरधनीहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र देहायका विवरण र सर्त बमोजिम प्रस्ताव आह्वान गरिएको छ।

१. सार्वजनिक निकायको नाम र ठेगानाः सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, बेनी, म्याग्दी।

२. घर जग्गा आवश्यक भएको क्षेत्र वा स्थानः बेनी नगरपालिका वडा नं ८ को क्याम्पस चोक देखि हस्पिटल चोक बीचको क्षेत्र।

३. भाडामा लिन खोजेको घर जग्गाको प्रकृति, क्षेत्रफल र अन्य आवश्यक विवरण

- प्रकृतिः आर. सि. सि. पक्की भवन (Reinforced Cement Concrete Framed Structure)
- कोठा संख्याः एउटै घरमा कम्तीमा १५ (पन्ध्र) वटा कोठा ।
- पार्किङः कम्तिमा एकवटा चारपाङ्ग्रे हलुका सवारी साधन (Nissan Pickup वा सो सरहको) राख्न मिल्ने सुरक्षित पार्किङ स्थल भएको।
- निर्मित क्षेत्रफलः कम्तिमा ३००० वर्ग फिट।
- भौतिक सुविधाः बिजुली, खानेपानीको सुविधा भएको ।
- सम्झौता अवधिः एक पटकमा एक आर्थिक वर्षका लागि र दुवै पक्षको मञ्जुरीमा नवीकरण गर्न सकिने ।

४. भाडा दररेट: घरभाडा निर्धारण समितिले निर्धारण गरेको दररेटमा मात्र भाडामा लिइनेछ ।

५. प्रस्ताव पेश गर्ने तरिका र पेश गर्नुपर्ने न्यूनतम विवरण

प्रस्ताव सिलबन्दी खाममा राखी खामको बाहिर "घर जग्गा भाडामा दिने सम्बन्धी प्रस्ताव" र घरधनीको नाम लेखी देहायका कागजात सहित पेश गर्नुपर्नेछः

- घरधनीको नाम, ठेगाना, सम्पर्क नम्बर र प्रस्तावित मासिक भाडा रकम खुलेको प्रस्ताव पत्र।
- घरधनीको नागरिकताको प्रतिलिपि (संस्था भए दर्ता प्रमाणपत्र) ।
- जग्गाधनी प्रमाण पत्र।
- आर्थिक वर्ष २०८२/८३ सम्मको मालपोत तिरेको रसिद।
- तला अनुसार कोठा संख्या, क्षेत्रफल तथा पार्किङ क्षमताको विवरण।
- घरको स्पष्ट फोटो र बिजुली, खानेपानी सुविधाको विवरण ।
- संयुक्त स्वामित्व भएमा सबै घरधनीको मञ्जुरीनामा ।

६. प्रस्ताव दाखिला गर्ने स्थान र अन्तिम मिति

- स्थानः सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, बेनी, म्याग्दी। (जिल्ला समन्वय समितिको परिसर भित्र)
- अन्तिम मितिः २०८३/०७/१९ गते कार्यालय समयभित्र ।

थप जानकारीका लागिः फोन नं. ९८५११९५८८१ र ९८५७०८५३२८

८३/०७/१३

....
आयोजना प्रमुख

आयोजना प्रमुख